लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

☎०७१-५२६५०६

Email: vethosrupandehi@gmail.com

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं. -०३/०८२/८३ प्रथम पटक सूचना प्रकाशन मितिः२०८२।०७।२४

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.व. २०८२/०८३ को तपसिल बमोजिमको वार्षिक स्वीकृत कार्यक्रम कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम संचालन गर्न इच्छुक कृषक/ लाभग्राही/ कार्यक्रम संचालन क्षेत्र छनौटका लागि आजको मितिले १५(पन्ध्र) दिन भित्र (मिति २०८२।०८।०८ गते कार्यलय समय भित्र) कार्यलयमा संक्षिप्त विवरण पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।कार्यक्रम सञ्चालनका लागि आवश्यक न्युनतम मापदण्ड तथा प्राथमिकताहरुको विस्तृत ब्यहोराको लागि कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ यस कार्यालयको वेबसाईट **rupandehi.vethos.gov.np** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७१-५२६२०६ मा सम्पर्क गर्न सकिनेछ।

तपसिलः

| क्र. | कार्यक्रम | लक्ष्य | मापदण्डहरु | संचालन हुन सक्ने कृयाकलापहरु |
|---|---|---|---|---|
| १ | लक्षित समुदाय विषेश आयआर्जन कार्यक्रम | संख्या ४० | • यस कार्यक्रममा आदिबासी जनजाती, मुक्त कमैया/ कम्लहरी, भूमिहीन, मुसहर, चिडीमार, पासी, मंगता, नटुवा, गडरिया, वादी, बोटे, माझी, किङ्गरिया, कुचबन्धिया, खुना, कुमाल, सोनहा, दलित, राजी, चमार, डोम आदि सिमान्तकृत वर्ग र आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा प्रति घरधुरी ५० वटा कुखुरा बाख्रा/बंगुरको हकमा ३ वटा पाठापाठीका दरले र भैंसीको हकमा पाडा/पाडी २ वटाका दरले वितरण गरी आवश्यकता अनुसार खोर/गोठ लगायतका पूर्वाधार निर्माण/मर्मत सम्भार गरी कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन गरिने | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• आवश्यक पूर्वाधार निर्माण, मर्मत सुधार<br>• उत्पादन सामग्री/औषधी,<br>• तालिम तथा सचेतना। |

<u>संलग्न गर्नु पर्ने कागजातहरु:</u>

१. प्रस्तावकको निवेदन
२. निवेदकको नागरिकताको प्रतिलिपि
३. समुहको निर्णय
४. संस्था भए दर्ता/ नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
५. संस्थागत संक्षिप्त विवरण
६. स्थानिय तहको सिफारिस

**पुनःश्चः** सूचनामा छुट हुन गएका बुदाहरु कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ मा भएको ब्यवस्था बमोजिम हुनेछ। कार्यक्रम सञ्चालनको लागि यस सुचना बमोजिम कार्यालयमा निवेदन पेश गरेका कृषक/ कृषक समूह/ लाभग्राही मध्येबाट कार्यालयको प्राविधिक कार्यदलबाट उपयुक्त नदेखिएमा कार्यविधि कमोजिम प्राविधिक कार्यदलबाट अन्य उपयुक्त छनौट गरिने छ।

६।२८

**डा. परवेज आलम**
**पशु विकास निर्देशक (दशौं)**